केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३७/०६५/६६ मिति : २०६६/१/२

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. आफ्नो ग्राहक पहिचान (Know Your Customer) मार्गदर्शन सम्बन्धमा नेपाल सरकारको उद्योग, वाणिज्य मन्त्रालय अन्तर्गतको कार्यालयमा दर्ता नभई महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गा.वि.स., जस्ता स्थानीय निकाय वा औषधी व्यवस्था विभाग, खानी विभाग लगायत अन्य सरकारी निकायबाट इजाजतपत्रप्राप्त गरी आयकर प्रयोजनको लागि नेपाल सरकार, आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्बर (Permanent Account Number) र/वा मुल्य अभिवृद्धि कर (Value Added Tax) नम्बर प्राप्त गरी विभिन्न उद्योग, व्यापार वा व्यवसाय संचालन गरिरहेका ग्राहकसंग पछिल्लो पटक कर चुक्ता गरेको प्रमाणपत्र र नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरेको प्रमाणपत्र समेतलाई कर्जा वा अन्य बैंकिग कारोवार गर्ने प्रयोजनको लागि आधार मान्न सकिने ।

२ एकहप्ताको अग्रीम सूचनामा फिर्ता लिन सकिने गरी स्वदेशी बैंक तथा वित्तीय संस्थामा इजाजतपत्रप्राप्त "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरुले राखेको तीन महिना वा सो भन्दा बढी अवधिका मुद्दती निक्षेपलाई यस बैंकले जारी गरेको एकीकृत निर्देशन नं. ४ को अनुसूचि ४.१० मा अन्य खाता अन्तर्गत राखी जोखिम भारित सम्पत्ति विवरण तालिका निर्देशन फा.नं. १.२ को (क) समूहको 'स्वदेशी बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात शीर्षक' अर्न्तगत रहने गरी २० प्रतिशत जोखिम भार कायम गर्ने ।

३. स्वदेशी रकमान्तरको कारोबार गर्न चाहने इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका विकास बैंक तथा वित्त कम्पनीहरूले इजाजतपत्रप्राप्त "क" वर्गको वाणिज्य बैंकसंग सहमति (Memorandom of Understanding) गरी तथा रकमान्तर सम्बन्धी सम्पूर्ण जोखिम "क" वर्गको वाणिज्य बैंकले बहन गर्ने गरी आफ्नै शाखा वा अन्य एजेन्सीहरु मार्फत स्वदेशी रकमान्तरको कारोबार गर्न यस बैंकको स्वीकृतिको लागि अनुरोध गरेमा स्वीकृति प्रदान गर्न सकिने ।

भवदीय,

(भुवन कंडेल)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।